गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्डः- ०२ संख्याः- ०७ मितिः- २०७६/१२/२९

भाग - २

# असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा अहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यन्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम “असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६” रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषण गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) “असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग” भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक,कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) “असहाय” भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्धारा, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) “राहत”भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री

सम्झनु पर्छ ।

(घ) "स्थानीय तह"भन्नाले गोसाईकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ ।

३.अभिलेख राख्नु पर्नेः यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ :

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक ।

(ख) पर्यटक भरिया,निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने,बाटोमा आवश्यक बस्तुहरु ओसारपसार गर्ने व्यक्ति ।

(ग) ट्रक, ट्रिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक ।

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ।

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति ।

(च) गिटी कुट्ने, बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर ।

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर ।

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितुरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर ।

(झ) देहायका यातायात मजदुरः

(१) अन्य व्यक्तिको माल बाहेक सवारी तथा डेलीभरि भ्यान चलाउने सवारी चालक,सहचालक ।

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक ।

(३) रिक्सा तथा ठेलगाडा चालक ।

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(ठ) असहाय वर्ग ।

(ड) अपाङ्गता

(२) यस दफा बमोजिमको राहत पाउने परिवार पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजानिक गर्नु पर्नेछ ।

४. **<u>राहत सहायता वितरण:</u>** (१) श्रमिक वर्ग तथा असहायहरुलाई उनीहरुको परिवारमा रहेका व्यक्ति संख्याको आधारमा लकडाउनको अवधिभरका लागि प्रतिव्यक्ति प्रतिदिन देहायका समाग्रीहरु देहायका परिमाणका दरले राहत स्वरुप वितरण गरिनेछ ।

(क) चामल ७१५ ग्राम प्रतिदिन **(छ) मस्यौरा सोयाविन ०.५ कि.लो. (एक पटकको)**

(ख) दाल ७१ ग्राम प्रतिदिन

(ग) नुन ७१ ग्राम प्रतिदिन

(घ) खानेतेल ७१ मि.लिटर प्रतिदिन

(ङ) साबुन १ वटा प्रति पटक (एक जनाको)

(च) खुर्सानी १०० ग्राम एक पटक

(२) उपदफा (१) बमोजिम राहत सामग्री वितरण गर्दा स्थानीय रुपमा उपलब्ध हुने खाद्य सामग्री वितरण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोभिड-१९ बाट प्रभावित व्यक्ति वा परिवारको अनुसूची-१ बमोजिमको विवरण वडाबाट प्रमाणित भएको हुनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रमाणित गरेको व्यक्ति वा परिवारलाई कोषमा जम्मा भएको रकम तथा राहत सामग्रीको उपलब्धता र औचित्य समेतका आधारमा वितरण गर्नुपर्नेछ।

(५) यसमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगैरहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(६) पहिलो पटक राहत प्राप्त गरेका व्यक्ति वा परिवारलाई लकडाउनको अवधि थप भई थप राहत उपलब्ध गराउनु पर्ने अवस्थामा गोसाईकुण्ड गाउँकार्यपालिकाको निर्णयबाट उपदफा (१) बमोजिमको राहत वितरण गर्न सकिनेछ ।

५. **<u>वितरण गर्ने विधि</u>:** (१) देहायको विधि अवलम्बन गरी दफा ४ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) वडा समिति वा गाउँपालिकाले उपलब्ध भएसम्म प्रत्येक वडाको क्षेत्र भित्र दफा ४ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गरी प्रत्येक वडाको लागि आपूर्तिकर्ता छनौट गर्नु पर्नेछ र छनौट भएको आपूर्तिकर्ताबाट सामग्री उपलब्ध गराउनु पर्नेछ ।

(ख) दफा ४ को उपदफा (३) बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा वडा अध्यक्षले छनौट भएको आपूर्तिकर्ता वा स्थानीय

स्तरमा उपलब्ध आपूर्तिकर्ताको नाममा कुपन उपलब्ध गराई दफा ४ बमोजिमको राहत सामग्री वितरण गर्नुपर्नेछ ।

(२) सम्बन्धित वडाले राहत वितरणको अभिलेख अनुसूची-२ बमोजिम आफ्नो कार्यलयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति गाउँकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित वडाले राहत वितरण गरी राखेको अनुसूची-२ बमोजिमको सक्कल अभिलेख र सम्बन्धित वडाका वडा सदस्य वा वडा अध्यक्षले उपलब्ध गराएको सक्कल कुपन सहित आपूर्तिकर्ताबाट भुक्तानीको लागि प्राप्त भएको बिल भरपाईको आधारमा कोषबाट बील बमोजिमको रकम अबिलम्ब भुक्तानी गर्नु पर्नेछ ।

(४) राहतको प्रतिवेदन अनुसूची-३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) गोसाईकुण्ड गाउँकार्यपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नु पर्नेछ ।

**६. कारवाही सम्बन्धी व्यवस्थाः** (१) यस मापदण्ड भित्र नपर्ने व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(७) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नु पर्नेछ ।

अनुसूची-१
(दफा ३ सँग सम्बन्धित)

# राहत प्राप्त गर्ने व्यक्तिको विवरण

राहत प्राप्त गर्ने व्यक्तिको विवरणः

१. नाम थरः २. बाबुको नामः ३. बाजेको नामः

४. परिवार संख्याः ५.स्थायी ठेगानाः

६. हालको ठेगानाः

७. टेलिफोन वा मोबाईल नम्बर (भएमा):

८. दैनिक ज्यालादारीमा कार्यरत स्थानः ८. गर्ने गरेको कामको विवरणः

१०. पेश गरेको कागजातको विवरणः

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि वा

ख. गरिव घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्यः

११. राहत लिने व्यक्तिको स्वःघोषणाः

मर मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकः

दस्तखतः

मितिः

औठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारीः स्थानीय तहको नामः

दस्तखतः वडा नं.

नामः पदः

मितिः

अनुसूची-२

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

# गोसाईकुण्ड गाउँपालिका

..... नं.वडा कार्यालय, ............. रसुवा

## राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | परिवार संख्या | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | चामल कि.लो. दाल कि.लो<br>नुन पाकेट तेल लि.<br>साबुन वटा खुर्सानी ग्राम<br>सोयाविन मस्यौरा कि.लो. | |
| | | | | | | चामल कि.लो. दाल कि.लो<br>नुन पाकेट तेल लि.<br>साबुन वटा खुर्सानी ग्राम<br>सोयाविन मस्यौरा कि.लो. | |
| | | | | | | चामल कि.लो. दाल कि.लो<br>नुन पाकेट तेल लि.<br>साबुन वटा खुर्सानी ग्राम | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सोयाविन मस्यौरा कि.लो. | |
| | | | | | | चामल कि.लो. दाल कि.लो<br>नुन पाकेट तेल लि.<br>साबुन वटा खुर्सानी ग्राम<br>सोयाविन मस्यौरा कि.लो. | |
| | | | | | | चामल कि.लो. दाल कि.लो<br>नुन पाकेट तेल लि.<br>साबुन वटा खुर्सानी ग्राम<br>सोयाविन मस्यौरा कि.लो. | |

राहत वितरण गर्नेको:

दस्तखत:

नाम थर:

टेलिफोन नं.

अनुसूची-३

(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

**गोसाईकुण्ड गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**स्याफुबेशी,रसुवा**

गोसाईकुण्ड गाउँपालिकाको क्षेत्रभित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइएको राहत सम्बन्धीको प्रतिवेदन

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | परिवार संख्या | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रतिवेदन गर्नेको:

दस्तखत:

नाम थर:

टेलिफोन नं:

कोभिड-१९ भाइरसको संक्रमणका कारणबाट प्रभावित भएका क्षेत्रलाई राहत कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने अवस्था उत्पन्न भएको छ । कोभिड-१९ हाल सम्म पारेको प्रभाव र आगामी दिनमा पर्न सक्ने प्रचावको आँकलनको आधारमा तत्कालिन कदमहरु अवलम्बन गर्नु पर्ने देखिएको छ । रोगको संक्रमण फैलन नदिन नेपाल सरकारले घोषण गरेको लक डाउनका कारण अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज बनाउन तथा उद्योगी व्यवसायीहरुलाई निजहरुको उद्योग व्यवसायको संरक्षणका लागि हालको अवस्थामा तत्काल राहतका कार्यक्रमहरु नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६/१२/१६ को निर्णयानुसार स्वीकृत भई सकेको छ । उक्त निर्णय कार्यान्वयनको कार्ययोजना कार्यान्वयनको लागि यसैसाथ संलग्न गरी पठाईएको ब्यहोरा अनुरोध छ ।

## कोभिड -१९ को कारण प्रभावित क्षेत्रको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६

### १.असङ्गठित क्षेत्रको दैनिक ज्यालादारी श्रमिक मजदुरका सम्बन्धमा

| सि. नं. | त्रियाकलापहरु | जिम्मेवारी निकाय | सहयोगी निकाय | स्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १ | कोभिड-१९ बाट सुरक्षित रहन आब्हान गरिएको लक डाउनको अवधि भरका लागि राहत दिनुपर्ने व्यक्ति तथा परिवार पहिचान गरी लगत तयार गर्ने । | सम्बन्धित वडा कार्यालय | स्थानीय तह | | तीन दिन | लगत तयार भएको हुने |
| २ | लक डाउनको अवधि भरका लागि दैनिक खाद्य आवश्यकतालाई पुग्ने गरी राहत उपलब्ध गराउने । | सम्बन्धित वडा कार्यालय | स्थानीय तह | कोरोना भाईरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष | तुरुन्त | राहत प्रदान भएको हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | गैर सरकारी क्षेत्र वा व्यक्ति वा सामाजिक संघ/संस्थाले स्थानीय तहसँगको समन्वयमा स्थानीय तहले तोकेको क्षेत्रमा राहत उपलब्ध गराउने । | गैर सरकारी वा व्यक्ति वा सामाजिक संघ/संस्था | स्थानीय तह | | निरन्तर | समन्वयात्मक रुपमा राहत प्रदान भएको हुनुपर्ने । |
| ४ | राहत उपलब्ध गराउन सबै स्थानीय तहको चालू आर्थिक बर्षको स्वीकृत बजेटबाट रकमान्तर गरी कोरोना रोकथाम,नियन्त्रण तथा उपचार कोष खडा गर्ने । | सम्बन्धित स्थानीय तह | सम्बन्धित प्रदेश सरकार,अर्थ मन्त्रालय | कोरोना भाईरस संक्रमण रोकथाम,नियन्त्रण तथा उपचार कोष । | तुरुन्त | कोष खडा भएको हुने। |
| ५ | लक डाउनको अवधिमा गर्भवती महिला,अपाङ्गता भएका व्यक्ति,बृद्धाश्रममा रहेका बृद्ध-बृद्धा,बालगृहमा रहेका बालबालिको लागि आवश्यकता अनुसार खाद्यन्न लगायतका अन्य थप व्यवस्था गर्ने । | स्थानीय तह | सम्बन्धित वडा कार्यालय | स्थानीय तह | तत्काल | लक डाउन अवधिभर त्यस्ता वर्गलाई थप सुविधा उपलब्ध भएको हुने । |
| ६ | राहत सुविधा लिने व्यक्ति/परिवारको नाम ठेगाना सहितको विवरण सार्वजनिक गरी त्यसको अद्यावधिक विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागमा पठाउने । | स्थानीय तह | सम्बन्धित वडा कार्यालय | | प्रत्येक हप्ता | राहत सुविधा लिनेको विवरण प्राप्त भएको हुने । |

आज्ञाले
देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत